मर्चवारीमाई गाउँपालिका
Marchawarimai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
खैरा, रुपन्देही / Khaira, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं.:- /Ref. No. :- ०८२।०८३
च.नं.:- /Dispatch No. :-

मिति २०८३।०३।१९

सार्वजनिक बिदाका दिन कार्यालय खुला रहने सम्बन्धी सूचना

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (७) बमोजिम स्थानीय तहको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेका खर्च शीर्षक बाहेक अन्य सबै बजेट शीर्षकअन्तर्गत भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात (७) दिनअघि भुक्तानी गरी लेखा अध्यावधिक गर्दै भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ।

उक्त कानुनी व्यवस्थाअनुसार आर्थिक वर्ष २०८२/०८३ अन्तर्गतका योजना तथा कार्यक्रमहरूको भुक्तानी सम्बन्धी सम्पूर्ण कार्य असार २५ गतेभित्र सम्पन्न गर्नुपर्ने भएकाले, यस मर्चवारीमाइ गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरूको भुक्तानी कार्य समयमै सम्पन्न गर्ने उद्देश्यले मिति २०८३ साल असार २० गते र २१ गते सार्वजनिक बिदा रहेतापनि यस मर्चवारीमाइ गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरू नियमित रूपमा खुला रहने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

साथै, सम्बन्धित योजना उपभोक्ता समिति, निर्माण व्यवसायी, सेवा प्रदायक तथा सरोकारवाला पक्षहरूले आवश्यक कागजातहरू समयमै पेश गरी भुक्तानी प्रक्रियामा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ।

उपमन्यु त्रिपाठी
प्रमुख प्रशासकीय अधिकृत